आज मिति २०८३।०१।२२ गते मंगलवारका दिन यस [illegible]ङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारु मगर | वडाध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं.२ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं.३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष वडा नं. १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रावती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु

**आ.व.०८२।८३ कार्यपालिका बैठक, मिति: २०८३।०१।२२ गते, बैठक संख्या:१४ को प्रस्ताव, कार्यसूची र निर्णयहरु**

प्रस्ताव नं. १४.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा,

प्रस्ताव नं. १४.२ आगामी आ.व.२०८३।०८४ को नीति योजना तथा कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं १४.३ सेवा निवृत महिला स्वयं सेविकाहरुलाई राहत रकम उपलब्ध गराउने सम्बन्धमा,

प्रस्ताव नं १४.४ विद्यालय कक्षा तथा विषय थप सम्बन्धमा,

प्रस्ताव नं १४.५ आधारभूत तह कक्षा (६-८) को स्थानीय पाठ्यक्रम स्वीकृत सम्बन्धमा,

प्रस्ताव नं १४.६ कार्यविधि स्वीकृत सम्बन्धमा,

प्रस्ताव नं. १४.७ नदीजन्य पदार्थको अनुगमन प्रतिवेदन सम्बन्धमा,

प्रस्ताव नं १४.८ संसोधित शिक्षा ऐनको जानकारीको लागि समन्वय सम्बन्धमा,

प्रस्ताव नं १४.९ सार्वजनिक जग्गा संरक्षण तथा अतिक्रमण सम्बन्धी सूचना,

प्रस्ताव नं १४.१० भूमी समस्या समाधान आयोगबाट फिल्ड नापीमा खटिए वापत सेवा सुविधा सम्बन्धमा,

प्रस्ताव नं १४.११ नगर स्तरिय भूमि सम्बन्धी सहजिकरण समितिबाट आएका निर्णय सम्बन्धमा।

प्रस्ताव नं १४.१२ पोषणमैत्री स्वास्थ्य संस्था एवं पोषणमैत्री वडा सम्बन्धमा,

प्रस्ताव नं १४.१३ संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) सम्बन्धमा,

प्रस्ताव नं १४.१४ विविध

CamScanner

**मिति: २०८३।०१।२२ गते, बाणगङ्गा नगरपालिका नगर कार्यपालिका बैठक सङ्ख्या १४ का निर्णयहरु**

**प्रस्ताव नं. १४.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. १४.१** अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था माथी छलफल भयो, निर्णयहरुलाई यथासक्य चाडो कार्यान्वयनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४.२ आगामी आ.व.२०८३।०८४ को नीति योजना तथा कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. १४.२** यस बाणगङ्गा नगरपालिकाको आगामी आ.व.२०८३।०८४ को नीति, बजेट तथा कार्यक्रम तर्जुमाको चरणमा रहेकोले यस बैठकमा पेश भएको नीति तथा कार्यक्रमको फ्रेमवर्कमा रही सबै विषयगत समितिहरुको बैठकबाट नीति तथा कार्यक्रम तयार गरी नीति तथा कार्यक्रमको स्थिति पत्र ७ दिन भित्र पेश गर्ने र नीति निर्माणको लागि निम्नानुसारको समिति गठन गरी जिम्मेवारी दिने निर्णय गरियो ।

**नीति निर्माण समिति**

| | |
|---|---|
| नगर प्रमुख | - संयोजक |
| नगर उपप्रमुख | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| विषयगत समितिका सदस्यहरु | - सदस्य |
| विषयगत समितिका सदस्य सचिव | - सदस्य |
| राजस्व शाखा प्रमुख | - सदस्य |
| प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

**प्रस्ताव नं १४.३ सेवा निवृत महिला स्वयं सेविकाहरुलाई राहत रकम उपलब्ध गराउने सम्बन्धमा,**

**निर्णय नं. १४.३** आ.व. ०८२/०८३ को नगर सभाबाट स्वीकृत सि.न. २३२ क्र.सं.४९ मा "महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका हित कोष" कार्यक्रम अन्तर्गत रु.४,००,०००।- अक्षरुपी चार लाख रुपैयाँ विनियोजन रहेकोमा उक्त रकमबाट महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका हित कोष संचालन कार्यविधी २०८०" अनुसार उमेर हदका कारण सेवा निवृत हुनु भएका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका श्री पार्वती हमाल (बा.न.पा.४), श्री अशिया थरुनी (बा.न.पा.५) र श्री सेपी थरुनी (बा.न.पा.६) लाई जनही रु.८१०००।- अक्षरुपी एकासी हजार राहत रकम उपलब्ध गराउन र बाँकी रहन जाने कोषको रकम बाणगंगा नगरपालिकाको ग.५.१. विविध कोष खाता नं ०४१५६०१६१७१८८२२७ मा जम्मा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १४.४ विद्यालय कक्षा तथा विषय थप सम्बन्धमा,**

**निर्णय नं १४.४** प्रस्ताव नं १ माथी छलफल गर्दा शैक्षिक वर्ष २०८३ का लागि यस बाणगङ्गा नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुबाट कक्षा तथा विषय थपका लागि अनुमति माग भएका विद्यालयहरुको स्थलगत अध्ययन तथा पेश भएका कागजातहरुको आधारमा बाणगड्गा नगरपालिकाको नगर शिक्षा नियमावली २०७४ को परिच्छेद २ को नियम १९ को उपनियम (२) र (३) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड ज (२) बमोजिम तपशीलमा उल्लिखित विद्यालयहरुको कक्षा तथा विषय थपको अनुमतिको लागि नगर शिक्षा समितिबाट सिफारिस भई आएकोले निम्नानुसार विषय थप र कक्षा थप गर्ने निर्णय गरियो ।

**तपशील: (कक्षा थप) नियम १९ को उपनियम (२)**

| क्र.सं. | विद्यालयको नाम, ठेगाना | अनुमति प्राप्त भई सञ्चालित कक्षा | माग भएको कक्षा | विद्यालयको प्रकार | माग गरेको विवरण |
|---|---|---|---|---|---|
| १ | श्री कपिलमुनि वैदिक संस्कृत विद्यापीठ गुरुकुलम्, बाणगङ्गा-०९, कपिलधाम, कपिलवस्तु | कक्षा ६-८ (छ देखी आठ) | ९ (नौ) | धार्मिक (गुरुकुल) | कक्षा थप |
| २ | मदरसा अल इस्लाह विद्यालय, बाणगङ्गा-१०, कोरियाचोक, कपिलवस्तु | कक्षा ०-८ (बालविकास देखी आठ) | ९ (नौ) | धार्मिक (मदरसा) | कक्षा थप |
| ३ | मदरसा हिदाया आइडियल स्कूल, बाणगङ्गा-११, बनकटवा, कपिलवस्तु | कक्षा ०-६ बालविकास देखी छ) | ७ (सात) | धार्मिक (मदरसा) | कक्षा थप |
| ४ | जितपुर मन्टेश्वरी विद्यालय, बाणगङ्गा-०१, जितपुर, कपिलवस्तु | कक्षा ०-१ (बालविकास देखी एक) | २ (दुई) | संस्थागत | कक्षा थप |
| ५ | सन फ्लावर ईङ्गलिश बोर्डिङ्ग स्कूल, बाणगङ्गा-०९, जिनुवा, कपिलवस्तु | ०-८ (बालविकास देखी आठ) | ९ (नौ) | संस्थागत | कक्षा थप |

**(विषय थप) नियम १९ को उपनियम (३)**

| क्र. सं. | विद्यालयको नाम, ठेगाना | अनुमति प्राप्त भई सञ्चालित कक्षा | माग भएको विषय | विद्यालयको प्रकार | माग गरेको विवरण |
|---|---|---|---|---|---|
| १ | श्री बाल माध्यमिक विद्यालय बाणगङ्गा-०१,बैरिया, कपिलवस्तु | (०-१२) | होटल व्यवस्थापन र कम्प्युटर विज्ञान | सामुदायिक | विषय थप |
| २ | हथौसा लिटल स्टार ईङ्गलिश बोर्डिङ्ग स्कूल, बाणगङ्गा-११, ओदारी, कपिलवस्तु | (०-१२) | भौतिकशास्त्र, रसायनशास्त्र, वनस्पतीशास्त्र, जिव विज्ञान, भूगर्भ विज्ञान | संस्थागत | विषय थप |

**प्रस्ताव नं १४.५ आधारभूत तह कक्षा (६-८) को स्थानीय पाठ्यक्रम स्वीकृत सम्बन्धमा,**
**निर्णय नं १४.५** प्रस्ताव नं ५ माथी छलफल गर्दा आधारभूत तह कक्षा (६-८) को **हाम्रो बाणगङ्गा** नामक १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रमको मस्यौदा स्वीकृतीका लागि नगर शिक्षा समितिबाट सिफारिस भई आएकोले उक्त पाठ्यक्रम स्वीकृत गरी यसै शैक्षिक सत्रदेखि कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**प्रस्ताव नं १४.६ कार्यविधि स्वीकृत सम्बन्धमा,**
**निर्णय नं. १४.६** बाणगङ्गा नगरपालिकाको विधायन समितिबाट स्विकृतिको लागि सिफारिस भई आएको स्नातक तह (प्राविधिक तथा साधारण) धार अध्ययन सहयोग छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४.७ नदीजन्य पदार्थको अनुगमन प्रतिवेदन सम्बन्धमा,**
**निर्णय नं. १४.७** जिल्ला समन्वय समितिको कार्यालय, तौलिहवा, कपिलवस्तुको च.नं.३०५, मितिः२०८३।०१।१६ गतेको पत्रसाथ संलग्न प्रतिवेदन सम्बन्धमा कार्यपालिका बैठकमा प्रस्तुत भई छलफल भयो सो सम्बन्धमा प्रतिवेदनमा उल्लेख गरिएका सुझावहरुलाई क्रमशः कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो ।

CamScanner

**प्रस्ताव नं १४.८ संसोधित शिक्षा ऐनको जानकारीको लागि समन्वय सम्बन्धमा,**

**निर्णय नं. १४.८** छलफल गर्दा केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३ ले शिक्षा ऐन, २०२८ मा गरेको संशोधन बमोजिम शिक्षा ऐन २०२८ को दफा १२ (विद्यालय व्यवस्थापन समिति) को उपदफा (१) को खण्ड (ग) मा भएको व्यवस्था खारेज भएकोले उक्त व्यवस्था बमोजिम मनोनित भएका सदस्य स्वत: पदमुक्त हुने हुँदा बाणगङ्गा नगरपालिकाको शिक्षा नियमावली २०७४ को नियम २७ को उपनियम १ को खण्ड (ग) संघीय कानून बमोजिम बाझिएको देखिएकोले यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक तथा धार्मिक विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिको हकमा सोही नियमावलीको नियम २७ को उपनियम १ को खण्ड (ग) बाहेकको सदस्य रहने गरी गठन/पुनर्गठन गर्ने व्यवस्थाका सम्बन्धमा सम्पूर्ण सम्बन्धित विद्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १४.९ सार्वजनिक जग्गा संरक्षण तथा अतिक्रमण सम्बन्धी सूचना,**

**निर्णय नं. १४.९** श्री जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुको, प.सं. २०८२/०८३ च.नं. २८८२ मिति: २०८३/०१/२१ गतेको प्राप्त पत्र र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. ३४९ मिति २०८२/१२/२४ को शासकीय सुधार कार्यसूची अनुसार सो कार्यसूचीको बुँदा नं. ९२ को बमोजिम बाणगङ्गा नगरपालिका अन्तर्गत रहेका सार्वजनिक जग्गा, सडक किनारा, खोला किनारा तथा मठ-मन्दिर स्कुलहरूमा विभिन्न व्यक्ति वा संस्थाहरूले अनाधिकृत रूपमा अतिक्रमण गर्ने, घर, टहरा निर्माण गर्ने, सामानहरू राख्ने वा अन्य कुनै पनि बहानामा अतिक्रमण गरी भोग चलन गरिरहेको पाइएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (२) (छ) मा सार्वजनिक ऐलानी, पर्ती जग्गा र सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण गर्ने कार्य स्थानीय सरकारको दायित्व अन्तर्गत रहने व्यवस्था भए बमोजिम बाणगङ्गा नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरू, बाटो, टहरा, कुलो, ताल, पोखरी लगायत स्थानीय बासीहरूले अतिक्रमण गरी भोग चलन गरेका सबै सार्वजनिक जग्गाहरूको संरक्षण गर्नुपर्ने भएकाले सो बमोजिम भोग चलन गरेका सार्वजनिक जग्गाहरू खाली गर्न सम्बन्धित सबैमा सूचित गराउने साथै प्रचलित कानून बमोजिम जग्गा खाली नगरिएमा संरचना हटाईने र सो कार्यबाट उत्पन्न हुने खर्च, क्षतिपूर्ति र अन्य जिम्मेवारी सम्बन्धित पक्षबाट नै असुल उपर गरिने व्यहोराको सूचना जारी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १४.१० भूमी समस्या समाधान आयोगबाट फिल्ड नापीमा खटिए वापत सेवा सुविधा सम्बन्धमा,**

**निर्णय नं. १४.१०** भूमि समस्या समाधान आयोगबाट नापी नक्साको लागि फिल्डमा खटिएका कर्मचारीहरुलाई निम्नानुसार सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

| सि.न. | विवरण शिर्षक | दर (रेट) | कैफियत |
|---|---|---|---|
| १. | फिल्डमा खटिने चेनम्यान | ६५० (प्रति दिन) | प्रति समुहमा २ जना जिल्ला दर रेट अनुसार । |
| २. | सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरुको तथ्यांक संकलन | ७५ | प्रति फाराम मिति (२०७७।१०।०६ गतेको कार्यपालिकामा भएको निर्णय बमोजिम) । |
| ३. | संकलन भएका निवेदनहरुलाई NALCIS सिस्टममा प्रविष्टि | ३५ र ५० | प्रति रातो फाराम ३५ र प्रति सेतो फाराम ५० (विगतमा समेत सोही दररेट बमोजिम कार्यान्वयन भैसकेको) । |

| | | | |
|---|---|---|---|
| ४. | सिस्टममा प्रविस्टि फाराम रुजु गरि स्विकृत गर्ने कार्य ( टिप्पणी) | २० | प्रति निवेदन रुजु गरी सत्यता जाँच गर्नका लागी। |
| ५. | फिल्डमा खटिने कर्मचारीहरुको लागी बिहान तथा वेलुका पनि खटिने हुदाँ खाजा तथा खाना स्वरुप • | ३०० | दैनिक (आ.व. २०८१-०८२ को कार्यपालिकाको निर्णय निरन्तरता)। |

**प्रस्ताव नं १४.११ नगर स्तरिय भूमि सम्वन्धी सहजिकरण समितिबाट आएका निर्णय सम्बन्धमा।**

**निर्णय नं. १४.११.१** बाणगंगा नगरपालिका वडा नं १ साविक ठु-पिपरा ७ग र ८ ङ अन्तर्गतका नापी भएका जग्गाहरुको जग्गाधनी प्रमाण पुर्जा तयार गर्नाको लागी सक्कल फाइल जिल्ला समिति कपिलवस्तुमा पठाउने नगर स्तरिय सहजिकरण समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १४.११.२** नगरपालिका क्षेत्र भित्र भएका विभिन्न वडाहरुका व्लकहरुको नापी कार्य सम्पन्न भएको हुदाँ तपसिलका व्लकहरुको क्षेत्र र जग्गाको प्रकृतिको निर्णय अनुमोदन गरि जिल्ला समिति कपिलवस्तुमा पत्राचार गर्ने निर्णय गरियो।

| क्र.स. | ब्लकको नाम | हालको वडा नं | क्षेत्रफल | पुर्व | पश्चिम | उत्तर | दक्षिण | कैफियत | जग्गाको प्रकृति | क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बोडगाउँ टोल ब्लक १ | ८ | ०-१-१७-० | कित्ता नं ४ | बाटो | बाटो | बाटो | मोतिपुर ४क कित्ता नं ३ | ऐलानी प्रति | नगरपालिकाको ग्रामिण क्षेत्र |
| २ | जिनुवा ब्लक नम १ | ९ | ०-७-१२-० | सिसि | कित्ता नं १६३ | सिसि | सिसि | साविक मोतिपुर ३ख कित्ता नं १५१ | ऐलानी प्रति | नगरपालिकाको ग्रामिण क्षेत्र |
| ३ | जिनुवा ब्लक नं २ | ९ | ०-४-५-० | बाटो | कुलो | बाटो | बाटो | साविक मोतिपुर ३ख कित्ता नं १५८ | ऐलानी प्रति | नगरपालिकाको ग्रामिण क्षेत्र |
| ४ | भर्तापुर ब्लक नं १ | ९ | ०-७-५-० | कित्ता नं ४३ | कित्ता नं ४१ | सिसि | सिसि | साविक मोतिपुर ६ङ कित्ता नं ४२ | ऐलानी प्रति | नगरपालिकाको ग्रामिण क्षेत्र |
| ५ | भर्तापुर ब्लक नं २ | ९ | ०-१५-८-० | सिसि | कित्ता नं ४३ | सिसि | सिसि | साविक मोतिपुर ६ङ कित्ता नं ४४ | ऐलानी प्रति | नगरपालिकाको ग्रामिण क्षेत्र |
| ६ | बक्सिपुर ब्लक नं १ | ९ | ०-८-२-० | कित्ता नं ३ | सिसि | सिसि | सिसि | साविक मोतिपुर ७क कित्ता नं १ | ऐलानी प्रति | नगरपालिकाको ग्रामिण क्षेत्र |

**प्रस्ताव नं १४.१२ पोषणमैत्री स्वास्थ्य संस्था एवं पोषणमैत्री वडा सम्बन्धमा,**

**निर्णय नं. १४.१२** यस नगरपालिकाका सबै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गर्ने र वडा नं. १,४ र ९ लाई पोषणमैत्री वडा घोषणा गर्न अभियान सञ्चालन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं १४.१३ संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) सम्बन्धमा,**

**निर्णय नं. १४.१३** संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ अनुसार कार्यपालिकाको मितिः २०८२।१२।३० गतेको बैठकबाट पूर्व स्वीकृति लिई तयार गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०८३ संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा १२ को २ बमोजिम मूल्याङ्कनको लागि लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने निर्णय गरियो।

CamScanner

**प्रस्ताव नं. १४.१४ विविध**

**निर्णय नं. १४.१४.१** यस कार्यालयबाट गरिँदै आएको सामाजिक सुरक्षा व्यवस्थापनको लागि प्रत्येक वडामा १/१ वटा र कार्यालयमा १ वटा गरी १२ वटा IRIS Scanner (बायोमेट्रिक डिभाईस) खरिद गर्ने निर्णय गरियो।

**निर्णय नं. १४.१४.२** यस नगरपालिकाको समन्वयमा व्यवस्थापन हुँदै आएको भागिरथी गौ संरक्षण विकास संस्थालाई १ थान कम्प्युटर प्रिन्टर उपलब्ध गराउने निर्णय गरियो।

CamScanner